

# अर्थ

2018, JUN
Thursday
14

आईकाओले नेपाललाई करिब ४ वर्षपछि गम्भीर सुरक्षा चासोको सूचीबाट गत वर्ष हटाएको थियो। प्रमाणपत्र ग्रहणको लागि नेपालबाट मन्त्री अधिकारी र नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक सञ्जिव गौतमलगायतको टोली क्यानाडामा गएको छ।

# विद्युत् चोरीविरुद्ध सरकार आक्रमक

**नेपाल समाचारपत्र**

काठमाडौं

विद्युत् चोरी रोक्न सरकार कडा रुपमा प्रस्तुत हुने भएको छ। बुधबार गृहमन्त्री रामबहादुर थापा र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री वर्षमान पुनसहित सरोकारवालाहरूको बैठकले मुलुकमा भइरहेको विद्युत् चुहावट रोकथाम गर्न कडा रुपमा प्रस्तुत हुने निर्णय गरेको हो। विद्युत चुहावट नियन्त्रण, निर्माणाधीन जलविद्युत् तथा प्रसारणलाइन आयोजनालगायतका विषयमा भएको छलफलमा गृह मन्त्री थापा, ऊर्जामन्त्री पुन, गृहसचिव प्रेमकुमार राई, नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, नेपाल प्रहरीका महानिरीक्षक सर्वेन्द्र खनालगायतको उपस्थिति रहेको थियो।

छलफलले विद्युत् चोरी नियन्त्रणलाई परिमाणमुखी बनाउन जिल्ला प्रशासन कार्यालय तथा प्राधिकरण मातहतका कार्यालयले सक्रिय रुपमा काम गर्ने र चोरी भएको पाइए दुवै मन्त्रालयले कानुनअनुसार कडाभन्दा कारबाही गर्ने निर्णय भएको छ। छलफलमा जलविद्युत्को सुरक्षामा गृहले विशेष ध्यान दिने, सडकमा परेका विद्युत्का पोल कानुनअनुसार स्थानान्तरण एवम् व्यवस्थापन गर्ने लगायतका ५ बुँदे निर्णय भएको छ।

चालू आर्थिक वर्ष २०७४/७५ भित्र प्रणालीमा रहेको चुहावटलाई २०.०६ प्रतिशतमा झार्ने लक्ष्य रहेको प्राधिकरणले जनाएको छ। गत आर्थिक वर्ष २०७३/७४मा चुहावट २२.९ प्रतिशत थियो। तीन वर्षभित्रमा प्रणालीमा रहेको चुहावटलाई १५ प्रतिशतमा झार्ने लक्ष्य रहेको प्राधिकरणले जनाएको छ। चुहावट नियन्त्रणका लागि प्राधिकरणले चोरी नियन्त्रण गर्ने, महशुल बक्यौता असुलीमा कडाई गर्ने, प्राविधिक चुहावट घटाउन ट्रान्सफर्मर तथा वितरण लाइनको सुदृढीकरणलगायतका काम अभियानकै रुपमा चलाइरहेको छ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ जेठ ३१, जुन १४, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०७।९४ | १०८।५४ |
| युरो १ को रू. | १२६।८९ | १२७।५९ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४३।८५ | १४४।६५ |
| स्विस फ्रन्क १ को रू. | १०९।२६ | १०९।८७ |
| अस्ट्रलियन डलर १ को रू. | ८१।८५ | ८२।३१ |
| क्यानाडियन डलर १ को रू. | ८२।८७ | ८३।३३ |
| सिङ्गापुर डलर १ को रू. | ८०।८० | ८१।२५ |
| जापानी यन १० को रू. | ९।७६ | ९।८२ |
| चिनियाँ युआन १ को रू. | १६।८६ | १६।९६ |
| साउदी अरब रियाल १ को रू. | २८।७८ | २८।९४ |
| कतारी रियाल १ को रू. | २९।६४ | २९।८० |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।३६ | ३।३८ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।३९ | २९।५५ |
| मलसियन रिङ्गिट १ को रू. | २७।०२ | २७।१७ |
| दक्षिण कारियन वन १०० को रू. | ९।९६ | १०।०१ |

**खरिद दर**

| | |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।५२ |
| डेनिस क्रानर १ का रू. | १७।०३ |
| हङकङ डलर १ का रू. | १३।७५ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## ग्लोबल आइएमई बैंक लिमिटेड

## कर्जा चुक्ता नगर्ने ऋणीहरूको धितो लिलाम बिक्री गर्ने बारेको सार्वजनिक सूचना

**(शिलबन्दि बोलपत्र पेश गर्ने मिति २०७५/०२/३१ देखि २०७५/०३/०६ सम्म)**

यस बैंकको कमलादी शाखावाट कर्जा लिने देहाय बमोजिमको ऋणीले ऋण लिंदा गरि दिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउन पर्ने साँवा किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लघंन गरेको हुँदा बैंकले ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो को समेत वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले ऋणीले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले बोलपत्र फारममा उल्लेखित शर्त बन्देजको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन आव्हान गरिन्छ। प्राप्त बोलपत्रहरु बैंकको कमलादी शाखामा मिति २०७५/०३/०७ गते दिनको ३:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ। साथै यो सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्ति बैंकको अनुकुल समयमा बैक आफैले सकार गरिलिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ। सुरक्षणमा रहेको चल र अचल सम्पत्ति लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा तथा वित्तिय संस्था ऋण असुली ऐन, २०५८ तथा अन्य प्रचलित नेपाल कानून अनुसार ऋणी, कम्पनी, फर्म र सोका प्रोप्राईटर, साझेदार र व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागी ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने तथा यस बैंकसँग भए गरेको लिखत अनुसार कर्जा सूचना केन्द्रको कालोसूचिमा राखी बैंकको लेना असुल उपर गरिने व्यहोरा ऋणी, कम्पनी र सोका संचालक, फर्म, र सोका प्रोप्राईटर, साझेदार र व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपसिल**

**ऋणीको नाम, ठेगाना**

१. नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाण्डौंमा प्रा.फ.र.नं. ११६०८७/०७०/०७१, अन्तर्गत मिति २०७०/०५/३० मा दर्ता भई का.म.न.पा. वडा नं. ३३, ज्ञानेश्वरमा ठेगाना भएको **श्री बि. एस. सि अटो इटन्रप्राइजेज् प्रा.लि**
**संचालक : श्रीमती राजश्री नकर्मी**

२. नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको काठमाण्डौंमा प्रा.फ.र.नं. ११५९२६/०७०/०७१, अन्तर्गत मिति २०७०/०५/२४ मा दर्ता भई का.जि., का.म.न.पा. वडा नं. ३३, ठेगाना भएको **श्री वि. एन. टु ह्विलर्स प्रा.लि**
**संचालकहरु : श्री विराज नकर्मी, श्री रेवति राम ज्ञवाली र श्री निशान्त प्रताप जङ्ग राणा**

**व्यक्तिगत जमानी दिनेको विवरण**

**१) श्री दुर्गा देवी ज्ञवाली**

(ना.प्र.नं. ७५७९२ मिति २०४२/०६/१८ जि.प्र.का रुपन्देही )
ससुराको नामः श्री गुणाखर ज्ञवाली
पतिको नामः श्री रेवति राम ज्ञवाली
ठेगानाः बुटवल न.पा. वडा नं. ६, रुपन्देही

**२) श्री रेवति राम ज्ञवाली**
(ना.प्र.नं. ६४७६३ मिति २०३८/१२/२६ जि.प्र.का रुपन्देही )
बाबुको नामः श्री गुणाखर ज्ञवाली
बाजेको नामः श्री लक्ष्मी नारायण ज्ञवाली
ठेगानाः बुटवल न.पा. वडा नं. ६, रुपन्देही

**३) श्रीमति राजश्री नकर्मी**

(ना.प्र.नं. ५३०६, मिति २०४३/०८/०२ जि.प्र.का काठमाण्डौं)
पतिको नामः श्री विष्णु नकर्मी
ससुराको नामः श्री पुरुषोत्तम नकर्मी
ठेगानाः का.म.न.पा. वडा नं. २, काठमाण्डौं

**४) श्री विष्णु नकर्मी**

(ना.प्र.नं. ६०४३/८९७४, मिति २०३९/०२/३० जि.प्र.का काठमाण्डौं)
बुबाको नामः श्री पुरुषोत्तम नकर्मी
बाजेको नामः श्री गोपाल नकर्मी
ठेगानाः का.म.न.पा. वडा नं. ३२, काठमाण्डौं

**५) श्री निशान्त प्रताप जङ्ग राणा**

(ना.प्र.नं. २७१०२६/५७९५०, मिति २०६७/०२/३० जि.प्र.का काठमाण्डौं)
बाबुको नामः श्री निरज प्रताप जङ्ग राणा
बाजेको नामः श्री योगेन्द्र प्रताप जङ्ग राणा
ठेगानाः धापासी गा.वि.स. वडा नं. ७, काठमाण्डौं

**६) श्री विराज नकर्मी**

(ना.प्र.नं. ३२३९४, मिति २०६३/०२/११ जि.प्र.का काठमाण्डौं)
बाबुको नामः श्री विष्णु नकर्मी
बाजेको नामः श्री पुरुषोतम नकर्मी
ठेगानाः का.म.न.पा. वडा नं. ३२, काठमाण्डौं

**७) श्री योगेन्द्र प्रताप जङ्ग राणा**

(ना.प्र.नं. १७८५/०४५, मिति २०४५/०३/१९ जि.प्र.का काठमाण्डौं)
बाबुको नामः श्री योग विक्रम ज.ब.रा
बाजेको नामः श्री ललित विक्रम ज.ब.रा
ठेगानाः तानसेन, पाल्पा

**८) श्री निरज प्रताप जङ्ग राणा**

(ना.प्र.नं. ८२६, मिति २०४४/०२/१० जि.प्र.का बाँके)
बाबुको नामः श्री योगेन्द्र प्रताप जङ्ग राणा
बाजेको नामः श्री योग विक्रम ज.ब.रा
ठेगानाः तानसेन, पाल्पा

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

१. श्री ललित विक्रम ज.ब.रा.को नाति, श्री योग विक्रम ज.ब.रा.को छोरा, श्री योगेन्द्र प्रताप जङ्ग राणाको नाममा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला, साबिक खड्का भद्रकाली गा.वि.स वडा नं. ८ (हेपाली चोकबाट ३०० मि. पश्चिम) स्थित कित्ता नं. ४४ को क्षेत्रफल ०-६-३-२ (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलागापातहरु समेत।

२. श्री गुणाखर ज्ञवालीको बुहारी, श्री रेवति देवी ज्ञवालीको पत्नी, श्रीमती दुर्गा देवी ज्ञवालीको नाममा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला, का.म.न.पा वडा नं. ३ महाराजगंज (नारायणगोपाल चोकबाट ३०० मि. उत्तर) स्थित कित्ता नं. ३७ को क्षेत्रफल ०-९-१-२ (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।

**नोट** : गोप्य शिलबन्दी बोलपत्र फारम कमलादी शाखाबाट नगद रु. १०००/- तिरी (फिर्ता नहुनेगरी) खरीद गर्न सकिने छ। लिलामीका शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

शाखा कार्यालय
कमलादी, काठमाण्डौं
फोन नं. ०१-४४४६१५०/५१

हिमाल स्टील आजको भाउ
ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९१.८५ | ९०.८५ | ९३.३५ | ९२.३५ | ८९.३५ | ९१.८५ | ९१.६५ | १०१.२२ |
| बीरगंज | ८९.९५ | ८८.९५ | ९१.४४ | ९०.४५ | ८७.४५ | ८९.९४ | ८९.७५ | ९९.४२ |
| विराटनगर | ९०.४५ | ८९.४५ | ९१.९४ | ९०.९५ | ८७.९५ | ९०.४४ | ९०.२५ | १००.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

## वित्त व्यवस्थापन विधेयक पारित

बुटवल, (नेस)

प्रदेश नम्बर ५ को प्रदेशसभा बैठकले वित्त व्यवस्थापन विधेयक २०७५ सहितका २ वटा विधेयक पारित गरेको छ। बुधबार बसेको प्रदेशसभा बैठकले मुख्यमन्त्री शंकर पोखरेलले पेश गर्नु भएको प्रदेश वित्त व्यवस्थापन विधेयक २०७५ र प्रदेश नम्बर ५ प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी विधेयक २०७५ पारित गरेको हो।

यसअघि नै सरकारले ल्याएको नीति कार्यक्रममाथि छलफल सकिएकाले निर्णयार्थ पेश गरिएको हो। बैठकले सरकारले आगामी आर्थिक वर्ष २०७५/७६ का लागि प्रस्तुत गरेको नीति कार्यक्रम पनि पारित गरेको छ। प्रदेशको बजेट असार १ गते प्रस्तुत गरिने भएको छ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E | | | |
|---|---|---|---|---|
| | ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
| काठमाडौं | ९११०० | ८८१०० | ९११०० | ९११०० |
| सिमरा, बिरगंज, कलैया | ८९१४० | ८६१४० | ८९१४० | ८९१४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९०१४० | ८७१४० | ९०१४० | ९०१४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ९११९५ | ८८१९५ | ९११९५ | ९११९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ९०११० | ८७११० | ९०११० | ९०११० |
| पोखरा, स्याङ्जा | ९०१६० | ८७१६० | ९०१६० | ९०१६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ।
JAGDAMBA E
EARTHQUAKE RESISTANT REBAR
Fe 500 NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड।

NTB Nepal Tourism Board
PJ CLUB Photojournalist Club Nepal
Present
#photonepal

NEPAL PHOTO CONTEST 2075
CATEGORIES
• Arghakhachi Cements News
• IMS Daily Life
• Shikhar Insurance Nepal Smiles
• Neptos.io Photo Story
• Dish Home Sports
• #experienceNepal Cultural and Tourism
• Nature and Wildlife
GRAND PRIZE NRS. 100,000
CATEGORY PRIZES
1st : Nrs. 30,000
2nd : Nrs. 20,000
3rd : Nrs. 10,000
SUBMIT your Photos at www.pjclub.com.np
Open for all Nepalis (Amateur & Professionals)
Submission deadline: Ashad 6, 2075 (June 20, 2018)
CATEGORY SPONSORS:
SUPPORTERS:
PARTNERS: Medical, Hospitality, News
MEDIA PARTNERS:
Post your queries at facebook.com/pjclubnepal

## SHARE MARKET

**13 JUNE WEDNESDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 3924.00 | 322.00 | 316.00 | 318.00 | -2.00 |
| 2 | Api Power Company Ltd. | 4515.00 | 300.00 | 290.00 | 296.00 | 5.00 |
| 3 | Arun Kabeli Power Ltd. | 523.00 | 290.00 | 280.00 | 283.00 | -7.00 |
| 4 | Arun Valley Hydropower Dev. Co. Ltd. | 8096.00 | 166.00 | 152.00 | 166.00 | 8.00 |
| 5 | Asian Life Insurance Co. Limited | 1193.00 | 705.00 | 696.00 | 697.00 | -6.00 |
| 6 | Bank of Kathmandu Ltd. | 9684.00 | 316.00 | 309.00 | 314.00 | 4.00 |
| 7 | Barun Hydropower Co. Ltd. | 222.00 | 150.00 | 148.00 | 150.00 | 2.00 |
| 8 | Bhargav Bikash Bank Ltd. | 100.00 | 136.00 | 136.00 | 136.00 | -2.00 |
| 9 | Bishal Bazar Company Limited | 260.00 | 1734.00 | 1700.00 | 1734.00 | 4.00 |
| 10 | Butwal Power Company Limited | 3650.00 | 449.00 | 441.00 | 441.00 | -2.00 |
| 11 | Central Finance Co. Ltd. | 523.00 | 117.00 | 116.00 | 117.00 | 1.00 |
| 12 | Century Commercial Bank Ltd. | 8590.00 | 172.00 | 169.00 | 169.00 | -1.00 |
| 13 | Chhimek Laghubitta Bikas Bank Limited | 1333.00 | 925.00 | 919.00 | 919.00 | -2.00 |
| 14 | Chhyangdi Hydropower Ltd. | 214.00 | 144.00 | 138.00 | 141.00 | 1.00 |
| 15 | Chilime Hydropower Company Limited | 1365.00 | 780.00 | 770.00 | 775.00 | 5.00 |
| 16 | Citizen Bank International Limited | 6257.00 | 246.00 | 242.00 | 244.00 | -1.00 |
| 17 | Citizen Investment Trust | 468.00 | 2570.00 | 2550.00 | 2565.00 | 5.00 |
| 18 | Civil Bank Ltd | 34399.00 | 153.00 | 151.00 | 153.00 | -1.00 |
| 19 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 349.00 | 760.00 | 722.00 | 760.00 | 15.00 |
| 20 | Deprosc Laghubitta Bittiya Sanstha Ltd. | 799.00 | 778.00 | 760.00 | 770.00 | 5.00 |
| 21 | Deva Bikas Bank Limited | 1595.00 | 136.00 | 130.00 | 136.00 | 5.00 |
| 22 | Dibyashwori Hydropower Ltd. | 65.00 | 109.00 | 108.00 | 109.00 | -2.00 |
| 23 | Everest Bank Limited | 7507.00 | 687.00 | 681.00 | 687.00 | 5.00 |
| 24 | Everest Insurance Co. Ltd. | 477.00 | 1410.00 | 1364.00 | 1400.00 | 10.00 |
| 25 | Excel Development Bank Ltd. | 1388.00 | 333.00 | 323.00 | 333.00 | 6.00 |
| 26 | First Micro Finance Dev. Bank Ltd. | 2265.00 | 564.00 | 551.00 | 559.00 | 5.00 |
| 27 | Forward Comm. Mi. Bittiya Sanstha Ltd. | 306.00 | 2285.00 | 2250.00 | 2270.00 | 8.00 |
| 28 | Gandaki Bikas Bank Limited | 6153.00 | 201.00 | 195.00 | 201.00 | 0.00 |
| 29 | Garima Bikas Bank Limited | 3526.00 | 179.00 | 175.00 | 178.00 | 2.00 |
| 30 | Global IME Bank Limited | 3797.00 | 298.00 | 294.00 | 295.00 | -5.00 |
| 31 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 375.00 | 1209.00 | 1153.00 | 1209.00 | 11.00 |
| 32 | Goodwill Finance Co. Ltd. | 2840.00 | 125.00 | 123.00 | 125.00 | 4.00 |
| 33 | Grameen Bikas Lag. Bittiya Sans. Ltd. | 23228.00 | 633.00 | 569.00 | 624.00 | 48.00 |
| 34 | Green Development Bank Ltd. | 10.00 | 147.00 | 147.00 | 147.00 | -2.00 |
| 35 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 44.00 | 131.00 | 131.00 | 131.00 | -2.00 |
| 36 | Gurans Life Insurance Company Ltd. | 1344.00 | 908.00 | 888.00 | 896.00 | -4.00 |
| 37 | Gurkhas Finance Ltd. | 2259.00 | 109.00 | 106.00 | 108.00 | 0.00 |
| 38 | Hathway Finance Company Limited | 360.00 | 128.00 | 126.00 | 126.00 | -1.00 |
| 39 | Himalayan Bank Limited | 965.00 | 560.00 | 555.00 | 558.00 | -2.00 |
| 40 | Himalayan Distillery Limited | 40.00 | 1320.00 | 1270.00 | 1320.00 | 50.00 |
| 41 | Himalayan General Insurance Co. Ltd | 1343.00 | 471.00 | 465.00 | 465.00 | -5.00 |
| 42 | Himalayan Power Partner Ltd. | 1035.00 | 306.00 | 296.00 | 301.00 | 1.00 |
| 43 | ICFC Finance Limited | 1132.00 | 181.00 | 175.00 | 181.00 | 6.00 |
| 44 | IME General Insurance Ltd. | 400.00 | 934.00 | 911.00 | 934.00 | 37.00 |
| 45 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 7631.00 | 160.00 | 154.00 | 160.00 | -1.00 |
| 46 | Janaki Finance Ltd. | 1000.00 | 176.00 | 173.00 | 176.00 | 3.00 |
| 47 | Janata Bank Nepal Ltd. | 3807.00 | 158.00 | 155.00 | 156.00 | 1.00 |
| 48 | Janautthan Sam.Lag. Bikas Bank Ltd. | 168.00 | 3065.00 | 3005.00 | 3020.00 | 20.00 |
| 49 | Jyoti Bikas Bank Limited | 5430.00 | 140.00 | 136.00 | 137.00 | -1.00 |
| 50 | Jyoti Bikash Bank Ltd. Promoter Share | 44514.00 | 113.00 | 113.00 | 113.00 | 0.00 |
| 51 | Kabeli Bikas Bank Limited | 154.00 | 234.00 | 230.00 | 230.00 | 0.00 |
| 52 | Kailash Bikas Bank Ltd. | 2096.00 | 230.00 | 223.00 | 227.00 | -3.00 |
| 53 | Kalika Microcredit Dev.Bank Ltd. | 256.00 | 1407.00 | 1352.00 | 1365.00 | -17.00 |
| 54 | Kamana Sewa Bikas Bank Limited | 2044.00 | 158.00 | 152.00 | 155.00 | 0.00 |
| 55 | Kankai Bikas Bank Ltd. | 995.00 | 131.00 | 126.00 | 126.00 | 1.00 |
| 56 | Karnali Development Bank Limited | 697.00 | 122.00 | 114.00 | 115.00 | -9.00 |
| 57 | Khanikhola Hydropower Co. Ltd. | 110.00 | 115.00 | 112.00 | 113.00 | 1.00 |
| 58 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 18.00 | 1635.00 | 1635.00 | 1635.00 | -15.00 |
| 59 | Kumari Bank Limited | 23706.00 | 217.00 | 209.00 | 213.00 | -1.00 |
| 60 | Laxmi Bank Limited | 9583.00 | 267.00 | 264.00 | 267.00 | 4.00 |
| 61 | Laxmi Equity Fund | 500.00 | 8.30 | 8.30 | 8.30 | 0.13 |
| 62 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 703.00 | 1180.00 | 1160.00 | 1167.00 | 7.00 |
| 63 | Life Insurance Co. Nepal | 397.00 | 1680.00 | 1640.00 | 1665.00 | 10.00 |
| 64 | Lumbini Bikas Bank Ltd. | 5165.00 | 152.00 | 147.00 | 150.00 | 0.00 |
| 65 | Lumbini General Insurance Co. Ltd. | 785.00 | 574.00 | 561.00 | 562.00 | -5.00 |
| 66 | Machhapuchhre Bank Limited | 12999.00 | 219.00 | 211.00 | 216.00 | 1.00 |
| 67 | Mahalaxmi Bikas Bank Ltd. | 806.00 | 171.00 | 165.00 | 169.00 | -1.00 |
| 68 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 1679.00 | 732.00 | 710.00 | 717.00 | -28.00 |
| 69 | Mahuli Sam. Lag. Bittiya Sanstha Ltd. | 615.00 | 2733.00 | 2675.00 | 2733.00 | -17.00 |
| 70 | Mega Bank Nepal Ltd. | 78227.00 | 179.00 | 173.00 | 179.00 | 7.00 |
| 71 | Mero Microfinance Bittiya Sanstha Ltd. | 85.00 | 1100.00 | 1075.00 | 1096.00 | 5.00 |
| 72 | Mirmire Microfinance Dev. Bank Ltd. | 556.00 | 1677.00 | 1630.00 | 1630.00 | 15.00 |
| 73 | Mission Development Bank Ltd. | 400.00 | 186.00 | 186.00 | 186.00 | -3.00 |
| 74 | Miteri Development Bank Limited | 1799.00 | 290.00 | 285.00 | 285.00 | -8.00 |
| 75 | Mithila LaghuBitta Bikas Bank Ltd. | 86.00 | 1025.00 | 1000.00 | 1025.00 | 8.00 |
| 76 | Muktinath Bikas Bank Ltd. | 2927.00 | 387.00 | 381.00 | 387.00 | 2.00 |
| 77 | Nabil Bank Limited | 3803.00 | 960.00 | 945.00 | 955.00 | 0.00 |
| 78 | NABIL Bank Limited Promotor Share | 11240.00 | 755.00 | 750.00 | 755.00 | -5.00 |
| 79 | Nabil Equity Fund | 2092.00 | 8.60 | 8.50 | 8.55 | -0.12 |
| 80 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 10.00 | 2608.00 | 2608.00 | 2608.00 | 33.00 |
| 81 | National Hydro Power Company Limited | 960.00 | 87.00 | 85.00 | 85.00 | -1.00 |
| 82 | National Life Insurance Co. Ltd. | 637.00 | 1298.00 | 1275.00 | 1298.00 | 11.00 |
| 83 | National Microfinance Bittiya Sanstha Ltd. | 329.00 | 2310.00 | 2280.00 | 2300.00 | 10.00 |
| 84 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 30.00 | 2025.00 | 2025.00 | 2025.00 | 39.00 |
| 85 | Neco Insurance Co. Ltd. | 1845.00 | 580.00 | 565.00 | 572.00 | 2.00 |
| 86 | Nepal Bangladesh Bank Limited | 6493.00 | 218.00 | 214.00 | 218.00 | 5.00 |
| 87 | Nepal Bank Limited | 8186.00 | 312.00 | 309.00 | 311.00 | 2.00 |
| 88 | Nepal Community Development Bank Ltd. | 276.00 | 120.00 | 117.00 | 120.00 | 3.00 |
| 89 | Nepal Credit And Comm. Bank Limited | 5846.00 | 253.00 | 239.00 | 253.00 | 7.00 |
| 90 | Nepal Doorsanchar Comapany Limited | 10440.00 | 735.00 | 727.00 | 730.00 | -4.00 |
| 91 | Nepal Hydro Developers Ltd. | 580.00 | 196.00 | 179.00 | 196.00 | 17.00 |
| 92 | Nepal Insurance Co. Ltd. | 670.00 | 670.00 | 649.00 | 663.00 | 2.00 |
| 93 | Nepal Investment Bank Limited | 6871.00 | 631.00 | 626.00 | 630.00 | 1.00 |
| 94 | Nepal Investment Bank Ltd. Pro. Share | 9229.00 | 557.00 | 552.00 | 552.00 | 0.00 |
| 95 | Nepal Life Insurance Co. Ltd. | 12941.00 | 1035.00 | 1012.00 | 1029.00 | -2.00 |
| 96 | Nepal SBI Bank Limited | 3128.00 | 509.00 | 502.00 | 509.00 | 8.00 |
| 97 | Nerude Laghubita Bikas Bank Limited | 5617.00 | 688.00 | 662.00 | 688.00 | 0.00 |
| 98 | Ngadi Group Power Ltd. | 1102.00 | 176.00 | 170.00 | 170.00 | -8.00 |
| 99 | NIBL Pragati Fund | 12070.00 | 8.10 | 7.85 | 8.10 | 0.10 |
| 100 | NIBL Samriddhi Fund 1 | 5000.00 | 10.60 | 10.60 | 10.60 | 0.00 |
| 101 | NIC Asia Bank Ltd. | 2655.00 | 325.00 | 319.00 | 324.00 | -1.00 |
| 102 | NIC Asia Growth Fund | 500.00 | 8.82 | 8.82 | 8.82 | 0.00 |
| 103 | Nirdhan Utthan Bank Limited | 1041.00 | 1144.00 | 1100.00 | 1123.00 | 3.00 |
| 104 | NLG Insurance Company Ltd. | 1383.00 | 930.00 | 912.00 | 912.00 | -23.00 |
| 105 | NMB Microfinance Bittiya Sanstha Ltd. | 522.00 | 1470.00 | 1430.00 | 1460.00 | -28.00 |
| 106 | NMB Bank Limited | 14440.00 | 371.00 | 362.00 | 368.00 | 1.00 |
| 107 | NMB Hybrid Fund L-1 | 10712.00 | 9.22 | 9.20 | 9.21 | -0.15 |
| 108 | NMB Sulav Investment Fund-1 | 5000.00 | 12.00 | 12.00 | 12.00 | 0.00 |
| 109 | Om Development Bank Ltd. | 1203.00 | 182.00 | 176.00 | 182.00 | 5.00 |
| 110 | Oriental Hotels Limited | 1610.00 | 555.00 | 535.00 | 543.00 | -2.00 |
| 111 | Pokhara Finance Ltd. | 237.00 | 134.00 | 132.00 | 134.00 | 1.00 |
| 112 | Prabhu Bank Limited | 5466.00 | 202.00 | 198.00 | 200.00 | -2.00 |
| 113 | Prabhu Insurance Ltd. | 3289.00 | 531.00 | 518.00 | 524.00 | 3.00 |
| 114 | Premier Insurance Co. Ltd. | 1807.00 | 1200.00 | 1180.00 | 1190.00 | 5.00 |
| 115 | Prime Commercial Bank Ltd. | 11374.00 | 296.00 | 293.00 | 294.00 | 0.00 |
| 116 | Prime Life Insurance Company Limited | 1140.00 | 632.00 | 625.00 | 625.00 | 5.00 |
| 117 | ProgressiveFinance Limited | 480.00 | 151.00 | 148.00 | 151.00 | 2.00 |
| 118 | Prudential Insurance Co. Ltd. | 1300.00 | 826.00 | 809.00 | 809.00 | -16.00 |
| 119 | Purnima Bikas Bank Ltd. | 472.00 | 182.00 | 179.00 | 180.00 | -2.00 |
| 120 | Radhi Bidyut Company Ltd | 7795.00 | 265.00 | 231.00 | 264.00 | 23.00 |
| 121 | Rastriya Beema Company Limited | 107.00 | 11490.00 | 11300.00 | 11390.00 | 40.00 |
| 122 | Rastriya Beema Co. Limited Pro. Share | 555.00 | 10490.00 | 10300.00 | 10300.00 | -100.00 |
| 123 | Reliance Finance Ltd. | 32.00 | 117.00 | 117.00 | 117.00 | -1.00 |
| 124 | Ridi Hydropower Dev. Company Ltd. | 852.00 | 126.00 | 122.00 | 123.00 | -1.00 |
| 125 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 2277.00 | 552.00 | 540.00 | 540.00 | -12.00 |
| 126 | Rural Microfinance Dev. Centre Ltd. | 1685.00 | 689.00 | 667.00 | 685.00 | 5.00 |
| 127 | Sagarmatha Insurance Co. Ltd. | 131.00 | 1340.00 | 1330.00 | 1330.00 | 18.00 |
| 128 | Sahayogi Bikas Bank Limited | 1070.00 | 198.00 | 195.00 | 195.00 | 0.00 |
| 129 | Samata Microfinance Bittiya Sanstha Ltd. | 24.00 | 1501.00 | 1472.00 | 1501.00 | 57.00 |
| 130 | Sana Kisan Bikas Bank Ltd | 3537.00 | 1194.00 | 1170.00 | 1186.00 | -9.00 |
| 131 | Sanima Bank Limited | 11003.00 | 337.00 | 332.00 | 334.00 | -4.00 |
| 132 | Sanima Equity Fund | 5000.00 | 9.28 | 9.28 | 9.28 | -0.03 |
| 133 | Sanima Mai Hydropower Ltd. | 3267.00 | 342.00 | 331.00 | 340.00 | 3.00 |
| 134 | Saptakoshi Development Bank Ltd. | 713.00 | 125.00 | 120.00 | 123.00 | 4.00 |
| 135 | Shangrila Development Bank Ltd. | 1995.00 | 163.00 | 161.00 | 163.00 | 1.00 |
| 136 | Shikhar Insurance Co. Ltd. | 1380.00 | 985.00 | 980.00 | 985.00 | 7.00 |
| 137 | Shine Resunga Development Bank Ltd. | 461.00 | 285.00 | 275.00 | 285.00 | 8.00 |
| 138 | Shree Investment Finance Co. Ltd. | 322.00 | 223.00 | 217.00 | 217.00 | -2.00 |
| 139 | Shrijana Finance (Bittaya Sanstha) | 104.00 | 246.00 | 241.00 | 241.00 | -8.00 |
| 140 | Siddhartha Bank Limited | 2379.00 | 318.00 | 310.00 | 312.00 | 0.00 |
| 141 | Siddhartha Equity Orineted Scheme | 12000.00 | 11.15 | 11.12 | 11.15 | -0.08 |
| 142 | Siddhartha Insurance Ltd. | 529.00 | 715.00 | 702.00 | 715.00 | 7.00 |

**Total Amount Rs. 214,802,137 Total Quantity 635,010 Total No of Transactions 4,048**

बुधबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा एनएमबि बैंकको अघिल्लो दिनको कारोबारमा भन्दा जम्मा एक रुपियाँले वृद्धि भएर ३६८ रुपियाँमा कारोबार बन्द भएको छ। यो मूल्य एफपीओको मूल्यभन्दा १० प्रतिशतमात्रै बढी हो।




## दोस्रो बजारकै हाराहारीमा एफपीओको मूल्य

# एनएमबि बैंकले लगानीकर्तालाई आकर्षित गरेन

नेपाल समाचारपत्र

काठमाडौं

ठूलो रस्साकस्सीपछि एनएमबि बैंकले बुधबारदेखि थप साधारण शेयर (एफपीओ) को बिक्री खुला गरेको छ। एफपीओ जारी गर्न नेपाल धितोपत्र बोर्डमा आवेदन दिएको लामो समयपछि बल्लतल्ल अनुमति पाएको थियो।

बैंकले माग दाबी गरेको मूल्यभन्दा धेरै घटाएर धितोपत्र बोर्डले एफपीओको मूल्य निर्धारण गरिदिएको थियो। एक सय रुपियाँ अंकित मूल्यमा २३३ रुपियाँ प्रिमियम थपेर प्रतिकित्ता ३३३ रुपियाँमा एफपीओ बिक्री खुल्ला गरिएको छ। तर, बैंकले एफपीओ बिक्री खुल्ला गर्दा 'भूतले खाजा खाने बेला' जस्तै भएको छ। समग्र बजार ओरालो लागेको अवस्था तथा नेप्सेको दोस्रो बजारमा नै बैंकको शेयर एफपीओको मूल्यकै हाराहारीमा पाइरहेको हुँदा लगानीकर्ताले एफपीओमा लगानी गर्लान् भन्नेमा ठूलो आंशका छ।

अन्य बैंकको तुलनामा एनएमबि बैंकको वित्तीय अवस्था पनि त्यति धेरै सन्तोष गर्न सक्ने अवस्था नदेखिएको, दोस्रो बजारको मूल्य र एफपीओको मूल्य करिब समान भएको र एनएमबि बैंक भन्दा धेरै चुक्त पुँजी भएका, नाफामा बढी भएका आधा दर्जनभन्दा बढी वाणिज्य बैंकको शेयर मूल्य नै २ सय रुपियाँको वरिपरी रहेको सन्दर्भमा एनएमबि बैंकप्रति लगानीकर्ताको आकर्षण नदेखिने शेयर विश्लेषकहरूको भनाइ छ।

बुधबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा एनएमबि बैंकको अघिल्लो दिनको कारोबारमा भन्दा जम्मा एक रुपियाँले वृद्धि भएर ३६८ रुपियाँमा कारोबार बन्द भएको छ। यो मूल्य एफपीओको मूल्यभन्दा १० प्रतिशतमात्रै बढी हो। विगतमा दोस्रो बजारको मूल्यभन्दा आधा कममा एफपीओ जारी हुँदा लगानीकर्ताको आकर्षण उच्च हुने गरेको थियो। तर, पछिल्लोपटक विभिन्न तिक्रडम गरेर दोस्रो बजारकै हाराहारीमा एफपीओ जारी हुँदा लगानीकर्तालै लोप्पा खुवाइदिएका छन्। यसअघि बुटवल पावर कम्पनी (बीपीसी) को पनि दोस्रो बजारकै हाराहारीमा एफपीओ जारी हुँदा लगानीकर्ता आवदेन नदिएपछि एक महिनासम्म कुर्नु परेको थियो। त्यति हुँदा पनि बिक्री नभएपछि अन्डरराइटरले शेयर सकार गर्नुपरेको थियो। बैंकले १ करोड १४ लाख १५ हजार १६३ कित्ता एफपीओ बिक्री गर्न असार ३ गतेसम्मको समय तोकेको छ।

उक्त अवधिमा आवश्यक आवेदन नपरेमा असार २८ गतेसम्म आवेदन गर्न सकिने व्यवस्था गरिएको छ। समग्र बजारको संकेत हेर्दा एनएमबि बैंकको पनि बीपीसीकै नियति हुने सम्भावना देखिएको छ। पहिलो दिन जम्मा ६ लाख कित्ताको मात्रै अवेदन परेको छ, जसमध्ये अधिकांश १० कित्ता रहेको छ। हाल बैंकको चुक्ता पुँजी ६ अर्ब ४६ करोड १७ लाख रुपियाँ रहेको छ। एफपीओ जारी पश्चात बैंकको चुक्ता पुँजी ७ अर्ब ६० करोड ३२ लाख हुनेछ।

एनएमबि बैंकमा नेदरल्यान्डको एफएमओ विदेशी साझेदारका रुपमा रहेको छ। गत वर्ष एक अर्ब १५ करोड खुद नाफा कमाएको बैंकले चालू आर्थिक वर्षको तेस्रो त्रैमास अर्थात चैतसम्म एक अर्ब ४१ करोड खुद नाफा कमाएको छ। बैंकको जगेडा कोषमा ५ अर्ब ६३ करोड छ। चैतसम्म बैंकले ८५ अर्ब २९ करोड निक्षेप संकलन गरेर ७४ अर्ब १ करोड कर्जा परिचालन गरेको छ। उसको कर्जा पुँजी निक्षेप अनुपात ७५ दशमलव ३३ प्रतिशत, निष्क्रृय कर्जा अनुपात १ दशमलव १० प्रतिशत, पुँजी कोष १२ दशमलव ९३ प्रतिशत छ। साथै बैंकको प्रतिशेयर आम्दानी २९ रुपियाँ तथा प्रतिशेयर नेटवर्थ १८५ रुपियाँ, इक्विटीमा प्रतिफलको अनुपात १७ प्रतिशत छ र मूल्य आम्दानी अनुपात १५ दशमलव २९ गुणा बढी छ। बैंकले संस्थापकको ५१ र सर्वसाधारणको ४९ प्रतिशत हिस्सेदारी कायम गर्न एफपीओ बिक्री गर्न लागेको हो।

# भारतसँगको नयाँ हवाईमा छलफल हुँदै

नेपाल समाचारपत्र

काठमाडौं

नेपालको नयाँ हवाई रुटको सम्बन्धमा छलफछल गर्न भारतीय प्राविधिक टोली काठमाडौं आएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरण र एयरपोर्टस् अथोरिटी अफ इन्डिया (एएआई) का प्राविधिक टोलीबीच बिहीबार र शुक्रबार छलफल हुने भएको छ।

सन् २०१६ मा नेपाल र भारतबीच नेपालको हवाई रुटको सम्बन्धमा भएको सम्झौता कार्यान्वयनका लागि छलफल गर्न लागिएको हो। हाल अन्तर्राष्ट्रिय उडानका क्रममा भारत हुँदै नेपाल आउने विमानको लागि सिमरा एक मात्रै इन्ट्री प्वाइट रहेको प्राधिकरणले जानाएको छ। भैरहवा, पोखरा र बारामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको क्रममा रहेकाले नयाँ हवाई इन्ट्री रुट थप गर्न लागिएको हो।

नेपालको लागि कहाँ-कहाँ हवाई रुट आवश्यक हो, प्राविधिक हिसाबले सहज छ भन्ने बारेमा छलफल केन्द्रित रहने नेपाल नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक राजन पोखरेलले जानकारी दिनुभयो। दुई देशका प्राविधिकले दुवै देशको हवाई सुरक्षा र हवाई रुटको सहजताका सम्बन्धमा गहन छलफल अध्ययन विश्लेषण हुने छ। छलफल गर्न एएआईका प्रमुखसहित चार जनाको भारतीय टोली बुधबार काठमाडौं आएको छ। छलफलमा नेपालका तर्फबाट प्राधिकरणका एयर नेभिगेसन सर्भिस प्रमुखसहित ५ जनाको टोली सहभागी रहने छन्।

नेपालको तर्फबाट प्राधिकरणका उपमहानिर्देशक नरेन्द्र बहादुर थापा संयोजक रहनु भएको छ। नेपालले नयाँ हवाई रुटको लागि भारतीय पक्षसँग पूर्व र पश्चिममा हवाई रुटको माग गर्दै आएको छ। महेन्द्रनगर, नेपालगन्ज, भैरहवा, हवाई रुट प्रदान गर्नेमा नेपालमा प्रवेशको बिन्दू सहज हुने बताइएको छ।

आर्थिक वर्ष २०७५/७६ को बजेटमा पनि हाल सञ्चालनमा रहेका विराटनगर, जनकपुर, नेपालगन्ज र धनगढी विमानस्थलाई क्षेत्रीय विमानस्थलको रूपमा स्तरोन्नती गरी छिमेकी मुलुकसम्म उडान शुरू गरिनेछ। आन्तरिक विमानस्थलको निर्माणलाई तीव्रता दिइनेछ। दाङमा वैकल्पिक विमानस्थल निर्माणको कार्य अगाडि बढाइने बजेटमा भनिएको छ। सोही अनुरुप सरकारले भारतसँग नयाँ हवाई रुट माग गरेको छ।

निजी हवाई सेवा प्रदायक कम्पनी बुद्ध एयरले नेपालगन्जदेखि भारतको राजधानी नयाँदिल्ली उडान सञ्चालन गर्नेको लागि रुट माग गर्दै आएका छ। भारतको कलकत्ताबाट आउने विमानले रामियो ३३६, पश्चिमा देशबाट आउने विमानले सेरा माइक्रो रोमिया गल्फ ३३६ हवाई रुट प्रयोग गरी नेपाल प्रवेश विन्दू गर्दै आएका छन्।

## पार्टी प्यालेस तथा क्याटरिङप्रति गम्भीर हुन आग्रह

काठमाडौं, (नेस)

मुलुकको रोजगारी र राजस्व वृद्धिमा पार्टी प्यालेस तथा क्याटरिङ व्यवसायमा महत्वपूर्ण योगदान रहेपनि यस सम्बन्धी समस्या समाधान गर्न राज्य उदासीन रहेको सम्बद्ध व्यवसायीले बताएका छन्।

नेपाल राष्ट्रिय पार्टी प्यालेस तथा क्याटरिङ व्यवसायी महासंघको बुधबार राजधानीमा आयोजित प्रथम महाधिवेशन तथा दोस्रो वार्षिक साधारण समाका सहभागी वक्ताहरूले सो कुरा बताएका हुन्। उनीहरूले यस व्यवसायलाई प्रवर्द्धन गर्नुको साटो राज्यले अनेक बहानामा दु:ख दिइरहेको बताए। महासंघका अध्यक्ष अरूणशंकर वैद्यले सामाजिक व्यवहार सुधार ऐन २०७४ ले उल्लेख भए बमोजिम विवाहको समयमा जन्ती तोक्नुले पार्टी प्यालेस र क्याटरिङ व्यवसाय धराशयी बनाउन खोजेको बताउँदै सो ऐनको समयसापेक्ष र व्यवसायमैत्री हुने गरी संशोधन गर्नुपर्ने माग राख्नुभयो।

सो अवसरमा गृहमन्त्री रामबहादुर थापाले व्यवसायीहरूले उठाएको समस्याप्रति सरकार गम्भीर रहेको बताउनुभयो। मुलुकको विकासमा व्यवसायीहरूको भूमिका महत्वपूर्ण रहेको भन्दै गृहमन्त्री थापाले व्यवसायीहरूको समस्या समाधान गर्न सरकार तत्पर रहेको बताउनुभयो।

## आईकाओद्वारा नेपाललाई सम्मान



काठमाडौं, (नेस)

अन्तर्राष्ट्रिय नागरिक उड्डयन प्राधिकरण आईकाओले नेपाललाई सम्मान गरेको छ। हवाई सुरक्षा उडानमा गरेको नेपालको सुदृढीकरणको आधारमा आईकाओका अध्यक्ष डा. ओलुमुइवा बेर्नाद अल्युले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रवीन्द्र अधिकारीलाई प्रमाणपत्रसहित सम्मान गर्नुभएको हो।

क्यानडामा आयोजित कार्यक्रममा संस्थाका अध्यक्ष अल्युले नेपालले हवाई उड्डयन सुरक्षाको मापदण्ड परिपालनामा गरेको प्रगतिको आधारमा सम्मान गरिएको बताउनुभयो। नेपालले सन् २०१७ मा सुरक्षा चासोको मापदण्ड पूरा गरेकाले आईकाओले प्रमाणपत्र प्रदान गरेको हो। आईकाओले सन २००९ मा गरेको अनुगमनमा नेपालको विमानस्थल र वायु सेवा कमजोर रहेकोमा पछिल्लो समय भने विश्व मापदण्डभन्दा माथि रहेको र नेपालले पाएको यो सम्मानले गर्दा युरोपेली युनियनले समेत नेपालको उडानमा सुधार भएकोमा प्रशंसा गरेको नागरिक उड्डयन प्राधिकरणका निमित्त महानिर्देशक राजन पोखरेलले बताउनुभयो।

## सिटिजन्स बैंक र मेडिसिटीबीच सम्झौता

काठमाडौं, (नेस)

सिटिजन्स बैंक इन्टरनेसनल र नेपाल मेडिसिटी अस्पतालबीच बैंकका ग्राहकलाई अस्पतालको सेवा शुल्कमा विशेष छुट दिने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ। बैंकका नायब प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल र अस्पतालका जनरल म्यानेजर विजय रिमालले हस्ताक्षर गरेका छन्। सम्झौतापश्चात सिटिजन्स बैंकका डेबिट, क्रडिट कार्डवाहक ग्राहकले नेपाल मेडिसिटी अस्पतालमा उपचार गराउँदा ७ प्रतिशतसम्म छुट पाउनेछन्। सिटिजन्स बैंक इन्टरनेसनलले ७४ वटा शाखा, ७० वटा एटीएम र ९९ वटा शाखारहित बैंकिङ इकाईबाट सेवा दिँदै आएको छ।

## स्मार्ट डोकोमा 'समर डोको डिल्स' अफर

काठमाडौं, (नेस)

स्मार्ट डोकोले गर्मी मौसमको अवसर पारेर इलेक्ट्रनिक्स, वर्ल्ड कप जर्सी, सौन्दर्य सामग्री, घरेलु उपकरण, बच्चाको सामग्री छुटसहित 'समर डोको डिल्स' अफर ल्याएको छ। कम्पनीले आफ्ना तोकिएका उत्पादनमा ८२ प्रतिशतसम्म को छुट दिइ दिएको जनाएको छ। कम्पनीका अनुसार यो अभियान १२ जुनदेखि ६ जुलाई २०१८ सम्म लागू हुनेछ। स्मार्ट डोकोले रिङ रोडभित्र नि:शुल्क डेलिभरी गर्छ। दिउँसोको १ बजेभन्दा अगाडि अर्डर गरिएका सामान सोही दिन डेलिभरी हुनेछ भने भुक्तानी नगदलगायत कार्ड, मास्टर कार्ड अथवा भिजा कार्डबाट गर्न सकिने कम्पनीले जनाएको छ।




समर डोको डिल्सले वर्ल्ड कप जर्सी, टिभी तथा प्रोजेक्टरमा भारी छुट दिँदैछ । समर डोको डिल्समा सोनी, फिलिप्स, स्याम्सुङ, बाल्ट्रा, लुमिनार्क, रेड्लाइन, टोनी मोली, लिवाइज, द बडी सपलगायतका ब्रान्ड रहेका छन्।

## सनराइज बैंकको ८३औं विस्तार

काठमाडौं, (नेस)

सनराइज बैंकले बुधबार पाल्पाको निस्दी गाउँपालिका वडा नं. ५ मा ८६औं शाखा विस्तार गरेको छ। उक्त शाखा निस्दी गाउँपालिका अध्यक्ष मुक्तबहादुर सारूले उद्घाटन



गर्नुभयो। बैंकले ग्रामीण क्षेत्रका ग्राहकलाई सहज रूपमा बैंकिङ सेवा पुऱ्याउने उद्देश्यले पाल्पाको निस्दीमा शाखा विस्तार गरेको हो।

बैंकले 'स्वास्थ्य बीमा सुविधा' प्रारम्भ गरेको छ। उक्त बीमा अन्तर्गत सरकारी वा तोकिएको निजी अस्पतालमा भर्ना भई उपचार गर्दा लागेको खर्च, बचत खातामा कायम रहेको वार्षिक औसत मौज्दातको २५ प्रतिशत वा १ लाखसम्मको खर्च शसोधभर्ना प्रदान गर्ने तथा बैंकले देशभरका ७० वटाभन्दा बढी तोकिएका निजी अस्पतालमा स्वास्थ परीक्षण गराउँदा ५ देखि २० प्रतिशतसम्म छुट उपलब्ध हुने व्यवस्था मिलाइएको छ। बैंकले बचत खातामा रहेको मौज्दातको ४ गुणा वा ५ लाखसम्मको दुर्घटना बीमा पनि प्रदान गर्दै आएको छ।

# विज्ञापन संघको २८औं वार्षिकोत्सव सम्पन्न




काठमाडौं, (नेस)

नेपाल विज्ञापन संघले विभिन्न कार्यक्रम गरी २८औं वार्षिकोत्सव मनाएको छ। वार्षिकोत्सवका अवसरमा संघले रक्तदान तथा मुटु परीक्षण कार्यक्रम गरेको थियो।

उक्त कार्यक्रमका मुख्य अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव प्रेम कुमार श्रेष्ठले विज्ञापन संघ र मन्त्रालयबीचमा सहकार्य भइरहेको र संघले यस्ता सामाजिक उत्तरदायित्वको कार्य गरेकामा सह्राना गर्नुभयो।

संघका अध्यक्ष रविन्द्र कुमार रिजाल 'शशि' ले कार्यक्रमको विश्व रक्तदान सप्ताहमा रक्तदान कार्यक्रम गर्न पाउँदा आफूलाई खुशी लागेको व्यक्त गर्नुभयो। कार्यक्रममा मेडिसिटी अस्पतालका महाप्रबन्धक विजय रिमालले स्वास्थ्य परीक्षणबाट समुदायलाई लाभ पुग्ने बताउनुभयो नेपाल मेडिसिटी अस्पतालको सहयोगमा रक्तदान तथा नि:शुल्क मुटु परीक्षण एवम् इसीजी सेवाबाट २०० भन्दा बढी व्यक्तिले मुटु जँच गराएका थिए।

उक्त अवसरमा ५२ पिन्ट रगत संकलन भएको थियो। संघको वार्षिकोत्सवमा नेपाल मिडिया सोसाइटीका प्रतिनिधिलगायतको सहभागिता रहेको थियो।




भखरै !

भखरै के भयो दुनियामा ?

भखरै सोध्नुहोस् हामीलाई

भखरै हाजिर हुनेछ

जबाफ

newsofnepal.com मा

नेपाल समाचारपत्र बोल्छ

भखरै !